आयोग Tayari
Current Affairs

www.aayogtayarinepal.com

Monthly e-Book

# आयोग तयारी समसामयिक

२०८१ भदौ


राष्ट्रिय समसामयिक ..... 3
- नेपाल बन्यो अन्तराष्ट्रिय सौर्य गठबन्धनको सदस्य ..... 3
- स्थानीय तहको उपनिर्वाचन मंसिर १६ मा गर्ने सरकारको निर्णय ..... 3
- लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतमा सुशील ज्ञवाली नियुक्त ..... 3
- नेपाल इन्फ्रास्ट्रक्चर सम्मेलन २०२४ सम्पन्न ..... 3
- टिकटक माथिको प्रतिबन्ध फुकुवा ..... 4
- लैङ्गिक समावेशीकरणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न ..... 4
- नेपाल 'फेम्बोसा' को अध्यक्ष चयन भएको छ ..... 4
- नेपालमा हाइड्रोजन गाडीको उद्घाटन ..... 4
- सार्वजनिक स्थलमा राष्ट्रपति कार्यक्रम सुरु ..... 5
- मुख्यसचिवमा एकनारायण अर्याल नियुक्त ..... 5
- सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक प्रमाणीकरण भएको छ ..... 5
- प्रधानसेनापतिमा अशोकराज सिग्देल नियुक्त ..... 5
- धुलिखेल न.पा. एशियाको दोस्रो स्वस्थ शहर भएको ७४० घोषणा ..... 6
- विद्युतीकरण तथ्यांक, २०८१ सार्वजनिक ..... 6

अन्तराष्ट्रिय समसामायिक ..... 7
- अल्जेरियाले प्राप्त गर्यो New Development Bank को सदस्यता ..... 7
- भियतनाममा भयानक आँधी ..... 7
- संयुक्त राष्ट्रसङ्घको ७९औं महासभा सुरु ..... 7
- भारतले प्रक्षेपण गर्यो ब्यालेस्टिक मिसाइल अग्नि—४ ..... 8
- भारतीय सन्त पाइलट बाबाको निधन भएको छ ..... 8
- विश्वकै बढी उमेरकी महिलाको निधन भएको छ ..... 8

खेलकुद समसामयिक ........ 9
- पल्सर स्पोर्ट्स अवार्ड २०८० ........ 9
- पेरिस पारालम्पिक २०२४ सम्पन्न ........ 9
- पलेशाले जितिन पारा ओलम्पिकमा ऐतिहाँसिक काश्य ........ 10
- बङ्गलादेशले जित्यो  २० वर्षमुनिकाे साफ च्याम्पियनशिपकाे उपाधि ........ 10
- ICC महिला टी-२० विश्वकप २०२४ युएइमा हुने ........ 10

दिवस र नाराहरु ........ 12
- विश्व ओजोन तह संरक्षण दिवस २०२४ ........ 12
- राष्ट्रिय बाल दिवस २०८१ ........ 12
- अन्तराष्ट्रिय साक्षरता दिवस २०२४ ........ 12
- निजामति सेवा दिवस २०८१ ........ 13
- अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस २०२४ ........ 13
- १८ औं मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवस ........ 14
- राष्ट्रिय पुस्तकालय दिवस २०८१ ........ 14
- आणविक परिक्षण विरुद्धको अन्तराष्ट्रिय दिवस २०२४ ........ 15
- ९२ औं तामाङ पहिचान दिवस २०८१ ........ 15
- राष्ट्रिय राष्ट्रिय सूचना दिवस २०८१ ........ 15

पुरस्कार र सम्मान ........ 16
- मिस युनिभर्स नेपाल २०२४ को उपाधि सम्पदा घिमिरेलाई ........ 16
- पद्मश्री साहित्य पुरस्कार र सम्मान २०८० घोषणा ........ 16
- यस बर्षको मदन पुरस्कार र जगदम्बा श्री पुरस्कार घोषणा ........ 16
- थिन्लेले जितिन बोक्कालिनो डिओर÷ पुरस्कार ........ 17
- प्रकाश मानव अधिकार पुरस्कार २०८१ ........ 17

# राष्ट्रिय समसामयिक

## नेपाल बन्यो अन्तराष्ट्रिय सौर्य गठबन्धनको सदस्य

**नेपाल अन्तराष्ट्रिय सौर्य गठबन्धन (International Solar Alliance) को पूर्ण सदस्य भएको छ**

- कहिले ? : **२०२४ सेप्टेम्बर ९**
- कतिऔं ? : **१०१ औं सदस्य**
- जीवाश्म ईन्धनमा निर्भरता कम गर्न *सौर्य* ऊर्जाको कुशल खपतको लागि काम गर्ने उद्देश्यले यो अलायन्स संचालनमा छ
- ISA को **प्रधान कार्यालय भारतको गुरुग्राममा** रहेको छ
- पेरिसमा आयोजना गरिएको **कोप २१ का दौरान सन् २०१५ मा** यसको स्थापना भएको थियो

## स्थानीय तहको उपनिर्वाचन मंसिर १६ मा गर्ने सरकारको निर्णय

**सरकारले स्थानीय तहको उपनिर्वाचन २०८१ मंसिर १६ मा गर्ने निर्णय गरेको छ**

- निर्णय मिति : **२०८१ भदौ ३०**
- **उप-निर्वाचन मिति** : **२०८१ मंसिर १६**
- हाल जिल्ला समन्वय समितिका प्रमुख २, गाउँपालिका अध्यक्ष २, उपाध्यक्ष ४, वडाध्यक्ष १० तथा नगरपालिकाका मेयर १, उपमेयर १ र वडाध्यक्ष २१ गरी ४१ सिट रिक्त छन् ।
- पछिल्लो स्थानीय तहको निर्वाचन : **२०७९ बैशाख ३०** गते सम्पन्न भएको थियो

## लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतमा सुशील ज्ञवाली नियुक्त

**लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृतमा सुशील ज्ञवाली नियुक्त भएका छन्**

- कहिले ? : **२०८१ भदौ २७**
- मन्त्रिपरिषद बैठकले सिफारिस समितिले छनोट गरेका ५ जना उम्मेदवारहरूमध्येबाट उनलाई नियुक्त गरेको हो,
- नव नियुक्त प्रमुख कार्यकारी अधिकृत : सुशील ज्ञवाली
- ज्ञवाली यसअघि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत थिए ।
- लगानी बोर्डको अध्यक्ष : **प्रधानमन्त्री हुने व्यवस्था छ**

## नेपाल इन्फ्रास्ट्रक्चर सम्मेलन २०२४ सम्पन्न

**नेपाल इन्फ्रास्ट्रक्चर सम्मेलन २०२४ सम्पन्न भएको छ**

- आयोजना मिति : **२०८१ भदौ २७ देखि २८**
- आयोजक : भौतिक, पूर्वाधार तथा यातायात मन्त्रालय र नेपाल उद्योग परिसंघ (सीएनआई)

Aayog Tayari

- सम्मेलनमा पूर्वाधार विकासका मोडलहरू, नेपालमा लागु गर्न सकिने व्यावहारिक पक्षको पहिचान तथा हाम्रा पूर्वाधार परियोजनाहरू आर्थिक रूपमा मात्र नभई सामाजिक र वातावरणीय रूपमा पनि दिगो छन् भनी सुनिश्चित गर्न चाल्नुपर्ने कदमहरूबारे स्पष्टता रूपमा सुझावहरू आएको मन्त्रालयले जनाएको छ

## टिकटक माथिको प्रतिबन्ध फुकुवा

**सरकारले टिकटक माथि लागाएको प्रतिबन्ध फुकुवा गरेको छ**

- **कहिले ? : २०८१ भदौ २१**
- **२०८१ भदौ ६** गते मन्त्रिपरिषद्को बैठकले प्रतिबन्ध हटाउने निर्णय गरेको थियो,
- सरकारले **२०८० कार्तिक १७** देखि नेपालमा टिकटकमा प्रतिबन्ध लागाएको थियो
- सरकारले राखेका सर्त मान्न टिकटक तयार भएपछी प्रतिबन्ध हटेको हो

## लैङ्गिक समावेशीकरणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न

**लैङ्गिक समावेशीकरणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन काठमाडौंमा सम्पन्न भएको छ**

- **सम्मेलन अवधि : २०८१ भदौ १८-२० सम्म (२०२४ सेप्टेम्बर ३-५)**
- **आयोजक : राष्ट्रिय मानव अधिकार आयोग नेपाल**
- सम्मेलनले लैङ्गिक समावेशीकरणसम्बन्धी अन्तर्राष्ट्रियस्तरमा जारी घोषणापत्रहरूको कार्यान्वयनमा जोड दिँदै नौ बुँदे काठमाण्डाै घोषणापत्र जारी गरेको छ
- सम्मेलनमा एशिया प्रशान्त क्षेत्रका १९ वटा देशका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## नेपाल 'फेम्बोसा' को अध्यक्ष चयन भएको छ

- **कहिले ?:** २०८१ भदौ १९
- फोम्बोसा के हो?: यो **दक्षिण एशियाली निर्वाचन व्यवस्थापन निकायसम्बन्धी मञ्च** हो
- काठमाडौंमा चलिरहेको फोम्बोसाको १२ औं सम्मेलनबाट नेपाल अध्यक्ष चुनिएको हो
- सम्मेलन समापन : २०८१ भदौ २०
- सम्मेलनमा नेपालका साथै भारत, भूटान, श्रीलङ्का, माल्दिभ्सलगायत मुलुकका प्रमुख निर्वाचन आयुक्त र प्रतिनिधि सहभागी भएका थिए।

## नेपालमा हाइड्रोजन गाडीको उद्घाटन

- **कहिले ? : २०८१ भदौ १४**
- प्र.म. केपी शर्मा ओलीद्वारा नेपाल आयल निगमको सहयोगमा काठमाडौं विश्वविद्यालयले **हाइड्रोजन रिफ्युलिङ स्टेसन स्थापना र हाइड्रोजन गाडीको उद्घाटन** गरिएको हो

Aayog Tayari

- दुई वर्षभन्दा बढीको अध्ययन—अनुसन्धानपछि विश्वविद्यालयले गत **२०८० चैत १८ मा हाइड्रोजन कारको सफल परीक्षण** गरिएको थियो ।
- सरकारले राष्ट्रिय हाइड्रोजन नीति—०८० पारित गरिसकेको छ

## सार्वजनिक स्थलमा राष्ट्रपति कार्यक्रम सुरु

- **कहिले ?:** **२०८१ भदौ १४**
- यस अभियान अन्तर्गत राष्ट्रपति प्रत्येक महिना कुनै एक सार्वजनिक स्थलमा पुग्ने छन्
- पहिलो महिना राष्ट्रपति रामचन्द्र पौडेलले भक्तपुरको दरबारलगायतका ऐतिहासिक सम्पदाको भ्रमण गरेर अभियान सुरुवात गरेका छन्

## मुख्यसचिवमा एकनारायण अर्याल नियुक्त

- **नियुक्ती मिति : २०८१ भदौ १३**
- कार्यकाल सुरु : २०८१ भदौ १४
- नव नियुक्त मुख्य सचिव : एकनारायण अर्याल
- ०२४ मंसिर १० मा जन्मिएका अर्यालले करिब १५ महिना मुख्यसचिव पद सम्हाल्नेछन्। अर्याल २०४६ माघमा नायव सुब्बाबाट निजामती सेवामा प्रवेश गरेका थिए। खुला प्रतिस्पर्धाबाट
- २०५१ साउनमा अधिकृत बनेका उनी आन्तरिक प्रतिस्पर्धाबाट २०५८ मा उपसचिव र २०६७ मा सहसचिव भएका थिए। सचिवमा भने उनी २०७६ फागुनमा बढुवा भएका थिए।
- **२०८१ साउन १० गते पहिलो महिला मुख्यसचिव बनेकि लिलादेवी गड्तौला** २०८१ भदौ १४ मा अवकास भएकी छिन

## सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक प्रमाणीकरण भएको छ

- **कहिले ?:** **२०८१ भदौ १३**
- राष्ट्रपति रामचन्द्र पौडेलले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोगसम्बन्धी (टी आरसी) विधेयक प्रमाणीकरण गर्नुभएको हो
- **२०८१ साउन ३० गते प्रतिनिधिसभाबाट पारित भएको विधेयक २०८१ भदौ ६ गते राष्ट्रियसभाबाट पारित भएको थियो ।**
- अब राजपत्रमा प्रकाशित भए पश्चात उक्त ऐन कार्यान्वयनमा आउनेछ

## प्रधानसेनापतिमा अशोकराज सिग्देल नियुक्त

- नेपालको **४५ औं प्रधानसेनापतिमा अशोकराज सिग्देल** नियुक्त भएका छन्
- नियुक्ती मितिः २०८१ भदौ १२
- सपथ तथा पदभार : २०८१ भदौ २४



Aayog Tayari

- राष्ट्रपति रामचन्द्र पौडेलले सिग्देललाई २०८१ भदौ २४ गतेदेखि लागू हुने गरी प्रधानसेनापति नियुक्त गर्नुभएको हो
- साउन २४ गतेदेखि बिदामा बस्नुभएका प्रधानसेनापति प्रभुराम शर्माको कार्यकाल २०८१ भदौ २४ गते सकिएको छ ।
- सिग्देलको कार्यकाल आउँदो तीन वर्ष रहनेछ ।

## धुलिखेल न.पा. एशियाको दोस्रो स्वस्थ शहर भएको ७४० घोषणा

- विश्व स्वास्थ्य सङ्गठन (WHO) ले काभ्रेपलाञ्चोकको पर्यटकीय नगर धुलिखेललाई “**नेपालको पहिलो र एशियाको दोस्रो स्वस्थ शहर**” घोषणा
- सङ्गठनले तोकेका मापदण्ड पूरा गरेको धुलिखेल एशियाको दोस्रो स्वस्थ शहर भएसँगै पाँच हजार डलर पुरस्कार प्राप्त
- एशियामा पहिलो स्वस्थ शहर **भारतको पुणेनगर**
- सङ्गठनको मापदण्ड पूरा गरेर स्वास्थ्य क्षेत्रको नीतिगत सुधार, स्वास्थ्य क्षेत्रको दिगो विकास लक्ष्य, वातावरणीय सुधार, गरिब नागरिकको स्वास्थ्यमा पहुँच, दीर्घरोग र सरुवा रोग अनि
- सामुदायिक स्वास्थ्यमा सुधार ल्याउनुका साथै पालिकाको प्राथमिक स्वास्थ्योपचारमा गरेको प्रगतिलाई आधार मानेर यो घोषणा गरिएको जनाइएको छ ।

## विद्युतीकरण तथ्यांक, २०८१ सार्वजनिक

- नेपाल विद्युत प्राधिकरणले विद्युतीकरण तथ्यांक, २०८१ सार्वजनिक गरेको छ
- नेपाल विद्युत् प्राधिकरणले सार्वजनिक गरेको तथ्यांकअनुसार **१८ स्थानीय तहमा राष्ट्रिय प्रशारण लाइनको विद्युत नपुगेको**
- राष्ट्रिय प्रसारणको विद्युत् नपुग्नेमा डोल्पाका ६, हुम्लाका ४, मुगुका ३, बैतडी, बझाङ, गोरखा र मनाङको समान एक पालिका छन्।
- ९० पालिकामा ९५ देखि शतप्रतिशतसम्म विद्युतीकरण भएको छ ।
- ७२ पालिकामा ७५-९५ प्रतिशतसम्म, ३३ वटामा ५०-७५ प्रतिशतसम्म,
- २६ वटामा २५-५० प्रतिशतसम्म र
- ३२ वटामा ०-२५ प्रतिशतसम्म विद्युतीकरण गरिएको छ ।
- विद्युतीकरण भएको परिवार : ९९ प्रतिशत (९७ प्रतिशत राष्ट्रिय ग्रिडबाट र २ प्रतिशतले ग्रिडभन्दा बाहिर रहेका लघु जलविद्युत्, सौर्य उर्जालगायत)

**प्रदेश अनुसार विद्युतीकरण**

- कोशी: ९९.३०%
- मधेश: १००%
- वागमती : ९९.९७%



Aayog Tayari

- गण्डकी : ९९.४०%
- लुम्बिनी : ९८.४९%
- कर्णाली : ७४.३८%
- सुदूरपश्चिम :८६.५८%

## अन्तराष्ट्रिय समसामायिक

### अल्जेरियाले प्राप्त गर्यो New Development Bank को सदस्यता

**अल्जेरियाले New Development Bank को सदस्यता प्राप्त गरेको छ**

- कहिले ? : **२०२४ अगस्त ३१**
- यो संगै NDB मा सदस्य देशको संख्या ९ पुगेको छ
- NDB ब्रिक्स देशहरुले स्थापना गरेको बैंक हो
- प्रधान कार्यालय : **सांघाई, चिन**
- हाल **NDB** प्रमुख : **डिलमा रुसेल्फ (ब्राजिलकी, बैंककी पहिलो महिला प्रमुख)**
- सदस्यहरु : **अल्जेरिया, बंगलादेश, ब्राजिल, चीन, इजिप्ट, भारत, रुस, दक्षिण अफ्रिका, युएई**
- स्थापना : **सन् २०१५**
- पुरानो नाम : **ब्रिक्स बैंक**

### भियतनाममा भयानक आँधी

**भियतनाममा भयानक आँधी आएको छ**

- कहिले ? : **२०२४ सेप्टेम्बर ८**
- आंधीको नाम : **यागी (Yagi)**
- विकसित समुद्र : **South China Sea**
- उक्त आंधीका कारण भियतनाममा मात्रै ८२ जना भन्दा बढी मानिसको ज्यान गएको छ

### संयुक्त राष्ट्रसङ्घको ७९औं महासभा सुरु

**संयुक्त राष्ट्रसङ्घको ७९औं महासभा सुरु :**

- कहिले ? : **२०२४ सेप्टेम्बर १०**
- **सम्पन्न हुने मिति** : **३० सेप्टेम्बर २०२४**
- **अध्यक्षता** : **फिलेमन याङ (क्यामरुन)**
- स्थान : **न्युयोर्क, अमेरिका**
- महासभाको नारा : **'Unity and diversity for advancing peace, sustainable development and human dignity, everywhere and for all'.**



Aayog Tayari

- नेपालको तर्फबाट प्रधानमन्त्री केपी शर्मा ओलीले असोज १० (सेप्टेम्बर २६) मा महासभालाई सम्बोधन गर्नुहुने कार्यतालिका रहेको छ

## भारतले प्रक्षेपण गर्यो ब्यालेस्टिक मिसाइल अग्नि — ४

भारतले प्रक्षेपण गर्यो ब्यालेस्टिक मिसाइल अग्नि—४

- **कहिले ?:** **२०२४ सेप्टेम्बर ६**
- मध्यम दूरीको **ब्यालेस्टिक मिसाइल अग्नि—४** ओडिशाको चण्डीपुरबाट सफलतापूर्वक प्रक्षेपण गरिएको छ ।
- अग्नि—४ मिसाइलको दायरा चार हजार किलोमिटर भन्दा धेरै रहेको छ ।
- यो भारतको परमाणु प्रतिरोध कार्यक्रमको एउटा हिस्सा हो ।
- भारतले यसैवर्ष गएको अप्रिल चार तारिखमा ओडिशाको तटमा रहेको अब्दुल कलाम टापुबाट एक हजारदेखि दुई हजार किलोमिटरसम्म मार हान्न सक्ने नयाँ पुस्ताको अग्नि—प्राइम ब्यालेस्टिक मिसाइल पनि सफलतापूर्वक प्रक्षेपण गरेको थियो ।

## भारतीय सन्त पाइलट बाबाको निधन भएको छ

- **कहिले ?:** **२०२४ अगस्त २०**
- पाइलट बाबाले भक्तपुरको सूर्यविनायक नगरपालिकास्थित घ्याम्पेडाँडामा पाइलट बाबा आश्रम बनाएका छन् ।
- **उनको वास्तविक नाम :** **कपिल सिंह**
- भारतीय वायुयान सेवामा पाइलट रहेकाले उनलाई पाइलट बाबा भनिएको हो
- मकवानपुरको त्रिखण्डीमा हरि गिरी महाराज नाम गरेका नेपाली सन्तसँग उनले सन् १९७४ मा दीक्षा लिएर उनि सन्त बनेका थिए

## विश्वकै बढी उमेरकी महिलाको निधन भएको छ

- **कहिले ?:** **२०२४ अगस्त २०**
- **नाम :** **मारिया ब्रानयास मोरेरा**
- उनको **११७ बर्ष १८६ दिन**को उमेरमा निधन भएको थियो
- उनी विश्वमा सबैभन्दा लामाे समय बाँच्नै आठौं व्यक्ति हुन् ।
- मोरेरा २०२३ को जनवरीमा विश्वकै सबैभन्दा बढी उमेरकी घोषित भएकी थिइन् ।

# खेलकुद समसामयिक

## पल्सर स्पोर्ट्स अवार्ड २०८०

**एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८० वितरण गरिएको छ**

- कहिले ?: २०८१ भदौ २८
- आयोजक : नेपाल खेलकुद पत्रकार मञ्च

**विभिन्न विधामा अवार्ड प्राप्त गर्ने व्यक्तित्व :**

- **उत्कृष्ट पुरुष खेलाडी : रोहितकुमार पौडेल (क्रिकेट)**
- **उत्कृष्ट महिला खेलाडी : एरिका गुरुङ (करांते)**
- सर्वोत्कृष्ट प्रशिक्षक : कुशल श्रेष्ठ
- उत्कृष्ट युवा खेलाडी : हेमन्त पाल ( भारोत्तोलन)
- स्पेशल अवार्ड : स्वयंसेवक प्रशिक्षक कुमार राई
- उत्कृष्ट पारा एथलिट अवार्ड - पलेशा गोवर्धन श्रेष्ठ (तेक्वान्दो)
- वर्षको उत्कृष्ट टोली : नेपाली महिला कबड्डी
- पिपल्स च्वाइस अवार्ड : कविता भट्ट (नेपाली महिला राष्ट्रिय भलिबल टिम)
- एशियन स्पोर्टस् जर्नालिस्टको अवार्ड : हि डोङ जोङ (दक्षिण कोरिया)
- **लाइफटाइम एचिभमेन्ट अवार्ड : विनयराज पाण्डे (क्रिकेट)**

## पेरिस पारालम्पिक २०२४ सम्पन्न

**पेरिस पारालम्पिक २०२४ सम्पन्न भएको छ**

- **२०२४ अगस्त २८ देखि २०२४ सेप्टेम्बर ८ सम्म**
- **संस्करण : १७ औं**
- **नारा : Games Wide Open**
- **सहभागी खेलाडी : ४४६३**
- **खेलाइने खेल : २२**

**पदक तालिकाका शिर्ष देश**

| स्थान | देश | स्वर्ण | रजत | काश्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | चीन | ९४ | ७६ | ५० | २२० |
| २ | बेलायत | ४९ | ४४ | ३१ | १२४ |
| ३ | अमेरिका | ३६ | ४२ | २७ | १०५ |



Aayog Tayari

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | नेदरल्याण्ड | २७ | १७ | १२ | ५६ |
| ५ | ब्राजिल | २५ | २६ | ३८ | ८९ |
| ७९ | नेपाल | ० | ० | १ | १ |

## पलेशाले जितिन पारा ओलम्पिकमा ऐतिहाँसिक काश्य

**पलेशाले जितिन पारा ओलम्पिकमा ऐतिहाँसिक काश्य**

- **कहिले ?:** **२०२४ अगस्त ३० (२०८१ भदौ १४)**
- **खेलाडी :** **पलेशा गोबर्धन**
- **खेल :** **तेक्वान्दो**
- फ्रान्सको पेरिसमा जारी पेरिस पारा ओलम्पिकमा पलेशाले के ४४ क्याटेगोरी अन्तर्गत महिला ५७ केजीमुनी तौलमा कांस्य जितेकी हुन्
- पलेशाले सर्वियाकी मारिया मिसेभलाई १५-८ ले पराजित गरेकी हुन् ।
- नेपाली खेलकुदको इतिहासमै ओलम्पिकमा **आधिकारिक पदक जित्ने पलेशा पहिलो खेलाडी** बन्दै कीर्तिमान रचेकी छिन् ।
- चीनको हान्झाउमा भएको **चौथो एसियाली पारा खेलकुदमा पेलाशाले नेपाललाई ऐतिहासिक कांस्य पदक जिताएकी** थिइन् ।

## बङ्गलादेशले जित्यो २० वर्षमुनिकाे साफ च्याम्पियनशिपकाे उपाधि

**बङ्गलादेशले २० वर्षमुनिकाे साफ च्याम्पियनशिपकाे उपाधि जितेको छ**

- **फाइनल खेल :** **२०८१ भदौ १२**
- **विजेता :** **बंगलादेश**
- **उप-विजेता :** **नेपाल**
- ललितपुरकाे सातदाेबाटाेमा रहेकाे एन्फा कम्प्लेक्सकाे मैदानमा भएकाे फाइनलमा बङ्गलादेशले नेपाललाई ४—१ गाेलले हराएको हो
- **सहभागी देश :** **नेपाल, भारत, भुटान, श्रीलंका, बंगलादेश र माल्दिभ्स**
- प्रतियोगिता सन् **२०१५ देखि** शुरुवात भएको हो
- नेपालले २ पटक २० बर्ष मुनिको साफ च्याम्पियनसिपको उपाधि जितेको छ


## ICC महिला टी-२० विश्वकप २०२४ युएइमा हुने

**ICC महिला टी-२० विश्वकप २०२४ को आयोजक देश परिवर्तन गरिएको छ**

- यसअघि बंगलादेशमा हुने भनिएको महिला टी-२० विश्वकप त्यहाँबाट **यूएईमा सारिएको** हो
- विश्वकप आगामी **अक्टोबर ३ देखि २०** सम्म आयोजना हुनेछ
- **सहभागी हुने देश :** **१०**

Aayog Tayari

- संस्करण : **नवौं**
- सन् २०२३ को **आठौ संस्करण दक्षिण अफ्रिकामा आयोजना गरिएको थियो भने अष्ट्रेलिया विजेता** बनेको थियो



Aayog Tayari

# दिवस र नाराहरु

## विश्व ओजोन तह संरक्षण दिवस २०२४

**विश्व ओजोन तह संरक्षण दिवस २०२४ मनाइएको छ**

- कहिले ?: सेप्टेम्बर १६
- **सन् १९९५ देखि** हरेक बर्षको सेप्टेम्बर १६ मा यो दिवस मनाउने गरिन्छ
- सन् २०२४ को नारा : **"Montreal Protocol: Advancing Climate Actions"**
- **September 16, 1987 मा ओजोन तह संरक्षणको लागि मन्ट्रियल महासन्धि** भएको थियो

## राष्ट्रिय बाल दिवस २०८१

**६० औं राष्ट्रिय बाल दिवस २०८१ मनाइएको छ**

- **कहिले ?: २०८१ भदौ २९**
- **२०८१ को नारा : बालबालिकामा लगानी : सुनिश्चित भविष्यको थालनी"**
- नेपालले सन् **१९९० को १४ सेप्टेम्बर अर्थात् २९ भदौ, ०४७ मा बालअधिकार महासन्धि १९८९ लाई अनुमोदन** गरेको थियो ।
- ०६३ सालदेखि त्यही मितिलाई आधार मानेर राष्ट्रिय बाल दिवस मनाउने गरिएको छ ।
- त्यसअघि नेपाल बाल संगठनको स्थापनालाई आधार मानेर ०२१ सालदेखि भाद्र ४ गते बालदिवस मनाउने गरिन्थ्यो ।
- संविधानले गरेको मार्गदर्शन बमोजिम बालबालिका सम्बन्धी ऐन, २०७५ र बालबालिका सम्बन्धी नियमावली, २०७८ पनि जारी भई कार्यान्वयनको अवस्थामा रही बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण र संरक्षणजस्ता विषयहरूमा उल्लेखनीय कार्यहरू

## अन्तराष्ट्रिय साक्षरता दिवस २०२४

**५८ औं अन्तराष्ट्रिय साक्षरता दिवस २०२४ मनाइएको छ !**

- कहिले ?: हरेक बर्ष सेप्टेम्बर ८
- **२०२४ को नारा राष्ट्रिय नारा : 'बहुभाषिक शिक्षाकाे प्रवर्धनः पारस्परिक समझदारी र शान्तिका लागि साक्षरता'**
- **२०२४ अन्तराष्ट्रिय नारा : 'Promoting multilingual education: Literacy for mutual understanding and peace'**
- **२०२३ को राष्ट्रिय नारा : "दिगो र शान्तिपूर्ण समाज निर्माणका लागि, साक्षरताको प्रवर्द्धन"**
- नेपालमा तत्कालिन राजा विरेन्द्रले विक्रम सम्वत २०३९ साल फागुन १२ गतेको दिनमा प्राथमिक तहको शिक्षा निःशुल्क घोषणा गरेका दिन देखी हरेक वर्ष फागुन १२ गते राष्ट्रिय शिक्षा दिवस मनाइदै आएको थियो भने

- गणतन्त्रको घोषणा भएसँगै अन्तर्राष्ट्रिय शाक्षरता दिवसकै दिनमा मनाउन थालिएको थियो ।
- अब भने हरेक बर्ष असौज २ मा राष्ट्रिय शिक्षा दिवस मनाइने

## निजामति सेवा दिवस २०८१

**२१ औं निजामति सेवा दिवस २०८१ मनाइएको छ**

- कहिले ?: **२०८१ भाद्र २२**
- हरेक बर्ष **भाद्र २२ मा निजामति सेवा दिवस** मनाउने गरिन्छ !
- २०८१ को नारा : **व्यवसायिक र श्रिजनशील प्रशासन : विकास समृद्धि र सुशासन** ( *२०७८ देखि ५ बर्षको निजामति सेवा दिवसको नारा यहि तय गरिएको छ* )
- निजामति सेवा दिवस **२०६१ सालदेखि मनाउन थालिएको** हो
- २०१३ भदौ २२ मा पहिलोपल्ट निजामति सेवा ऐन जारि भएको दिनको सम्झनामा हरेक बर्षको भाद्र २२ मा यो दिवस मनाउने गरिन्छ !
- दिवसको अवसर पारेर १० जना कर्मचारीलाइ उत्कृस्ट निजामति सेवा पुरस्कार र ३० जनालाइ निजामति सेवा पुरस्कार प्रदान गरिएको थियो ,
- सर्वोकृष्ठ निजामति सेवा पुरस्कार भने कसैलाई वितरण गरिएन।
- **पुरस्कार राशि :**
  - सर्वोत्कृष्ट निजामति पुरस्कार : **२ लाख**
  - उत्कृस्ट निजामति सेवा पुरस्कार **१ लाख**
  - निजामति सेवा पुरस्कार : **५० हजार**

## अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस २०२४

**१६ औं अन्तर्राष्ट्रिय गिद्ध सचेतना दिवस मनाइएको छ**

- कहिले ?: २०२४ सेप्टेम्बर ७
- **हरेक बर्षको सेप्टेम्बर महिनाको पहिलो शनिवार** यो दिवस मनाउने गरिन्छ
- गिद्धको महत्व, लोप हुनुको कारण र संरक्षण सहभागिताबारे जनचेतना जगाउनका निम्ति यो दिवस मनाउने गरिन्छ

**नेपालमा गिद्धको अवस्था :**

- अवस्था : संख्या घट्दै गएको
- नेपालमा : ९ प्रजातिका गिद्ध पाइने
- विश्वमा : २३ प्रकारका गिद्ध पाइने
- नेपालमा पाइने गिद्धका प्रजातिमध्ये डङ्गर, सुन, सानो खैरो, हिमाली, हाडफोेर र सेतो गिद्ध यहाँका रैथाने प्रजातिका हुन् भने लामो ठुँडे, राज र खैरो गिद्ध हिउँदको समयमा आउने गर्दछन्

Aayog Tayari

पछिल्लो तथ्याङ्क अनुसार

- नेपालमा हिमाली गिद्धको सङ्ख्या १० हजार
- डङ्गोर र सेता गिद्धको सङ्ख्या दुई हजार
- सुन गिद्ध र हाडखोर गिद्ध करिब पाँच/पाँच सयको
- सानो खैरो गिद्धको सङ्ख्या भने ५० देखि ७५ को हाराहारी छ ।

**थप** : वासस्थान सङ्कटमा पर्दै जानुका साथै गाईबस्तुलाई प्रयोग गरिने **डाइक्लोफेनेक** जस्ता औषधिको प्रयोगका कारण पनि गिद्ध सङ्कटापन्न अवस्थामा पुगेको मानिन्छ,

औषधि व्यवस्था विभागले **डाइक्लोफेनेकलाई २०६३ साल जेठ २३ देखि उत्पादन, प्रयोग र बिक्री वितरणमा प्रतिबन्ध** लगाएको छ

## १८ औं मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवस

### १८ औं मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवस २०२४

- कहिले ? : **२०८१ भदौ २० गते**
- **२०८१ को नारा : "तीनै तहका सरकारको प्रतिबद्धता : मानव बेचबिखनविरुद्ध सबैको ऐक्यबद्धता"**
- २०८० को नारा : **'सामाजिक न्याय र आर्थिक सशक्तिकरण : मानव बेचबिखनको निर्मूलन÷**
- **२०६४ साल देखि** हरेक बर्षको भदौ २० मा यो दिवस मानाउने गरिन्छ
- महिला तथा बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धि सन् २००२ लाई २०६३ साल भदौको २० गते संसदबाट पारित भएको दिनको सम्झनामा यो दिवस मनाउने गरिन्छ
- **मानव बेचबिखन विरुद्धको अन्तराष्ट्रिय दिवस हरेक बर्ष ३० जुलाई मा** मनाइन्छ

## राष्ट्रिय पुस्तकालय दिवस २०८१

### १७ औं राष्ट्रिय पुस्तकालय दिवस २०८१ मनाइएको छ !

- कहिले ? : **२०८१ भाद्र १५**
- **२०८१ को नारा : 'निरन्तर शिक्षाका लागि पुस्तकालय'**
- २०८० को नारा : **'पुस्तौं पुस्ताका लागि पुस्तकालय÷**
- हरेक बर्षको **भाद्र १५** मा राष्ट्रिय पुस्तकालय दिवस मनाउने गरिन्छ
- **मनाउन थालिएको** : ***२०६५ भाद्र १५ देखि***

ऐतिहासिक पृष्ठभूमि

- **१८६९ साल भाद्र १५** गते **पुस्तक चिताई तहबिल नामक पहिलो पुस्तकालय स्थापना को लागि लालमोहोर लागेको दिन** को सम्झनामा २०६५ भाद्र १५ गते देखि हरेक बर्षको भाद्र १५ मा राष्ट्रिय पुस्तकालय दिवस मनाइदै आइएको छ !



Aayog Tayari

## आणविक परिक्षण विरुद्धको अन्तराष्ट्रिय दिवस २०२४

**आणविक परिक्षण विरुद्धको अन्तराष्ट्रिय दिवस २०२४ मनाइएको छ**

- **कहिले ? : २९ अगस्त २०२४**
- **सन् २०१० बाट** हरेक बर्षको अगस्त २९ मा यो दिवस मनाउने गरिन्छ
- 29 अगस्त 1991 मा रुसमा रहेको सेमिपालाटिन्क आणविक परीक्षण साइट बन्द भएको सम्झनामा काजाकिस्तान गणतन्त्रको प्रस्तावमा संयुक्त राष्ट्रसंघले यो दिवस सुरु गरेको हो ।
- विश्वको पहिलो न्युक्लियर टेस्ट सन् **१९४५ जुलाई १६ मा अमेरिकाले** गरेको थियो, जसको नाम **ट्रिनिटी** राखिएको थियो

## ९२ औं तामाङ पहिचान दिवस २०८१


**९२ औं तामाङ पहिचान दिवस २०८१ मानाइएको छ**

- **कहिले ? : २०८१ भदौ ६ गते**
- हरेक बर्षको **भदौ ६** गते तामाङ दिवस मनाउने गरिन्छ
- भीम शमशेरले वि.सं. **१९८९ भदौ ६ गते** नेपाल सरहदभित्र विभिन्न नामले बोलाइने जातिलाई ’तामाङ÷ लेख्न—लेखाउन सनदपत्र जारी गरेको दिनको सम्झनामा यो दिवस मनाउने गरिन्छ
- त्यसअघि तामाङहरुलाई **भोटे, लामा, मुर्मि** आदि भन्ने गरिन्थ्यो ।

## राष्ट्रिय राष्ट्रिय सूचना दिवस २०८१

**१८ औं राष्ट्रिय राष्ट्रिय सूचना दिवस २०८१ मनाइएको छ**

- **कहिले ? : २०८१ भाद्र ३**
- नेपालको संविधानको धारा २७ बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ जारी भइ कार्यान्वयनमा आएको दिन भदौ ३ गतेलाई राष्ट्रिय सूचना दिवसका रूपमा मनाउने गरिन्छ ।
- **२०८१ को नारा : सूचना हाम्रो अधिकार : सुशासन र विकासको आधार**
- संयुक्त राष्ट्र संघले सेप्टेम्बर २८ लाई सूचनाको हक सम्बन्धि अन्तराष्ट्रिय दिवसको रुपमा मनाउने गर्दछ



## पुरस्कार र सम्मान

### मिस युनिभर्स नेपाल २०२४ को उपाधि सम्पदा घिमिरेलाई

**मिस युनिभर्स नेपाल २०२४ को उपाधि सम्पदा घिमिरेले जितेकी छिन**

- कहिले ?: २०८१ भदौ २६
- **मिस युनिभर्स नेपाल २०२४ : सम्पदा घिमिरे**
- **आयोजक : ग्लोबल ग्ल्यामर**
- जितसँगै घिमिरेले **आगामी नोभेम्बरमा मेक्सिकोमा हुने मिस युनिभर्स प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्ने**छिन् ।
- स्मृति सिंह फस्ट रनरअप, अक्सिता क्षेत्री सेकेण्ड रनरअप, करिभिना इभा थर्ड रनरअप र सुजल बम फोर्थ रनरअप घोषित भए ।

### पद्मश्री साहित्य पुरस्कार र सम्मान २०८० घोषणा

**पद्मश्री साहित्य पुरस्कार र सम्मान २०८० घोषणा गरिएको छ**

- खेमलाल—हरिकला लामिछाने प्रतिष्ठानले बर्षेनी यो पुरस्कार प्रदान गर्ने गर्दछ ।
- **पद्मश्री साहित्य पुरस्कार २०८० :**
  - **कसलाई ?: प्रा कृष्ण गौतम**
  - **कृति : उपन्यास 'अद्वैत÷**
- **पद्मश्री साधना सम्मान २०८० :**
  - **कसलाई ?: पवन कुमार चामलिङ**
  - चामलिङ भारतको सिक्किम राज्यका पूर्वमुख्यमन्त्री हुनुहुन्छ
- **पद्मश्री गौरव पुरस्कार २०८० :**
  - **कसलाई ?: प्रा.डा.केदारभक्त माथेमा**
- सबै पुरस्कारहरुको **राशी जनही ३ लाख** नगद तथा सम्मान पत्र रहेको छ ।

### यस बर्षको मदन पुरस्कार र जगदम्बा श्री पुरस्कार घोषणा

**यस बर्षको मदन पुरस्कार र जगदम्बा श्री पुरस्कार घोषणा गरिएको छ**

**मदन पुरस्कार २०८० :**

- प्राप्त गर्ने कृति : **मुकाम रणमैदान**
- लेखक : **मोहन मैनाली**
- पुरस्कार राशि : **४ लाख**
- लेखकका थप कृति : 'मान्ठा डराएको जुग÷, 'उपल्लो थलो÷, 'देखेको देश÷ र 'आकाशमुखी÷



Aayog Tayari

**जगदम्बा श्री सम्मान :**

- **सम्मान प्राप्त गर्ने व्यक्तित्व : प्रा. योगेन्द्रप्रसाद यादव**
- **योगदान : भाषाशास्त्री**
- **सम्मानको राशि : ४ लाख**

**मदन पुरस्कारको श्रेष्ठ सूचीमा परेका पुस्तकहरु :**

- डम्फुको आत्मालाप (कथासङ्ग्रह) : भक्त स्याङ्तान
- नुन—तेल (गैरआख्यान) : जीवन क्षेत्री
- भावलिपि (प्रेमपत्र सङ्ग्रह) भावेश भुमरी र प्रणिता चामलिङ
- मुकाम रणमैदान (इतिहास) : मोहन मैनाली
- सन्त्रासका साठी दिन (उपन्यास) : रोशन थापा ’नीरव÷

## थिन्लेले जितिन बोक्कालिनो डिओर÷ पुरस्कार


**अभिनेत्री थिन्ले ल्हामोले बोक्कालिनो डिओर÷ पुरस्कार जितेकी छिन**

- चलचित्र ’शाम्बाला÷ले स्वीट्जरल्यान्डमा भएको विश्वप्रसिद्ध **लोकार्नो चलचित्र महोत्सव**’ को ७७ औं संस्करणमा अवार्ड जित्न सफल भएको छ ।
- ‘शाम्बाला÷ चलचित्रमा अभिनय गरेकी अभिनेत्री **थिन्ले ल्हामोले ’बोक्कालिनो डिओर÷ पुरस्कार** अर्थात् अवार्ड प्राप्त गरेकी छन् ।
- यूरोपभरका फिल्म समीक्षकले उत्कृष्ट अभिनय गर्ने कुनै एक कलाकारलाई यो अवार्ड प्रदान गर्छन् ।
- कुनै दक्षिण एशियाली कलाकारले यो क्रिटिक अवार्ड जितेको पहिलो पटक हो ।
- अभिनेत्री ल्हामोले ’उत्कृष्ट अभिनय प्रस्तुति÷ विधामा अवार्ड पाएकी हुन्

## प्रकाश मानव अधिकार पुरस्कार २०८१

**प्रकाश मानव अधिकार पुरस्कार २०८१ घोषणा गरिएको छ**

- **कसलाई ? : पूर्णिमाया लामा**
- **पुरस्कार प्रदान गर्ने निकाय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
- सङ्क्रमणकालीन न्यायका लागि सङ्घर्षरत काभ्रेकाे नमोबुद्ध नगरपालिका—९ दाप्चा कि पुर्निमायाले उक्त पुरस्कार प्राप्त गरेकी छिन
- पुरस्कार राशि ५० हजार रुपैया रहेको छ
- इन्सेकका संस्थापक महासचिव **प्रकाश काफ्लेको स्मृतिमा** यो पुरस्कारको स्थापना गरिएको हो



Aayog Tayari